म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ६० | बिहीबार १३ असोज २०७९ | ने. सं. ११४२ ञलगा | 29 September, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**डेंडीबाट बचौं ।**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अध्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

**यस्ता लक्षणहरु देखापरेमा डेंडी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# एक वर्षमा मकवानपुरबाट अख्तियारमा ३ सय १० वटा उजुरी

साझाकुरा संवाददाता

हेटौंडा, १२ असोज/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हेटौंडा कार्यालयमा मकवानपुरबाट एक वर्षमा ३ सय १० वटा उजुरी परेको छ ।

आयोगको कार्यालय हेटौंडाले बुधबार बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्मालाई गत आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन बुझाउदै उक्त तथ्यांक सार्वजनिक गरेको हो । आयोगले सार्वजनिक गरेको तथ्यांकअनुसार गत एक आर्थिक वर्षमा मात्रै मकवानपुरबाट आयोगमा ३ सय १० वटा भ्रष्टचार सम्बन्धी उजुरि परेको छ ।

आयोगले हेर्ने बागमती र मधेश प्रदेशको ११ वटा जिल्लाहरुमध्ये सबैभन्दा धेरै उजुरी पर्ने जिल्लाको तेस्रो नम्बरमा मकवानपुर रहेको आयोगले जनाएको छ । बागमती प्रदेशको ८ र मधेश प्रदेशको ३ जिल्ला गरी ११ जिल्ला आयोगको क्षेत्राधिकारभित्र रहेको छ । आयोगको अनुसार गत आर्थिक वर्षमा ११ जिल्लाबाट एक हजार ६ सय उजुरी परेको छ । जसमध्ये सबैभन्दा धेरै बारा जिल्लाको उजुरी छ ।

आयोगको हेटौंडा कार्यालयका प्रमुख नरहरि घिमिरेले प्रमुख शर्मालाई हस्तान्तरण गरेको प्रतिवेदनमा बाराबाट मात्र तीनसय ९१ वटा उजुरी परेको उल्लेख छ । त्यस्तै रौतहटबाट तीनसय ७४ वटा, मकवानपुरबाट तीनसय १० वटा, पर्साबाट दुईसय ८६ वटा र चितवनबाट दुईसय ६१ वटा उजुरीहरू परेका छन् । प्रतिवेदन अनुसार सबैभन्दा धेरै उजुरी स्थानीय तह अन्तर्गत परेको छ । संघीय मामिलासँग सम्बन्धित रहेका छन् । संघीय मामिलाको ३३ दशमलव १ प्रतिशत उजुरी परेको कार्यालयले जनाएको छ ।

दोश्रोमा शिक्षा (स्थानीय तहसमेत) १५ दशमलव ३ प्रतिशत, भूमि प्रशासन ७ दशमलव ७ प्रतिशत, वन तथा वातावरण ४ दशमलव ६ प्रतिशत, स्वास्थ्य तथा जनसंख्या ३ दशमलव ९ प्रतिशत, भौतिक पूर्वाधार तथा यातायात ३ दशमलव ८ प्रतिशत, गृह प्रशासन ३ दशमलव ७ प्रतिशत, पर्यटन, उद्योग तथा वाणिज्य ३ दशमलव २ प्रतिशत, ऊर्जा, जलस्रोत



तथा सिँचाई ३ दशमलव १ प्रतिशत, खानेपानी तथा शहरी विकास २ दशमलव ९ प्रतिशत उजुरी परेको छ ।

अर्थ १ दशमलव ९ प्रतिशत, कृषि तथा पशुपक्षी १ दशमलव ९ प्रतिशत र सञ्चार तथा सूचना प्रविधिसँग सम्बन्धित ० दशमलव ९ प्रतिशत उजुरी परेको कार्यालयले जनाएको छ । त्यसैगरी, नक्कली शैक्षिक प्रमाणपत्र ५ दशमलव ७ प्रतिशत, गैरकानूनी सम्पत्ति आर्जन ४ दशमलव ८ प्रतिशत र अन्य निकाय र क्षेत्रसँग सम्बन्धित उजुरीहरू ३ प्रतिशत रहेको कार्यालयले बुझाएको तथ्यांकमा उल्लेख छ । आयोगको हेटौंडा कार्यालयका प्रमुख घिमिरेले नेपालको संविधानको धारा २९४ को उपधारा ३ बमोजिम आयोगले तयार गरेको आर्थिक वर्ष २०७८/७९ को ३२ औं वार्षिक प्रतिवेदन पेस गरेका थिए । सो अवसरमा प्रदेश प्रमुख शर्माले आयोगको सक्रियताले न्यायमा आधारित समतामूलक, सुशासनयुक्त समाज र राज्य निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा आयोगको हेटौंडा कार्यालयका प्रमुख घिमिरेले आयोगले सम्पादन गरेको बागमती प्रदेशभित्रका विषयवस्तु समेटिएको वार्षिक प्रतिवेदनको सारसंक्षेप प्रस्तुति दिएका थिए ।

# उपमहानगरद्वारा पाँचजनालाई ह्विलचियर

साझाकुरा संवाददाता

हेटौंडा, १२ असोज/ हेटौंडा उपमहानगरपालिकाले शारिरीक अशक्त भई हिँडडुलमा समस्या व्यहोर्दै आएका पाँचजनालाई ह्विलचियर प्रदान गरेको छ ।

उपमहानगरले दैनिक जिवनयापनको क्रममा घर बाहिरसमेत निस्कन असहज भई थलिएर बसेका उपमहानगरपालिकाका ४ वटा वडाका ५ जनालाई बुधवार ह्विलचियर प्रदान गरिएको हो । शरिरीक रुपमा अशक्त भई हिँड्डुलमा समस्या व्यहोर्दै आएका हेटौंडा-१४ कामान बहादुर बल, १३ कादिल माया स्याङतान, १९ काकुमार अर्याल, श्याम बहादुर बल र हेटौंडा-३ का शेषानन्द घोरासैनीलाई सहज हिँड्डुलका लागि उपमहानगरले ह्विलचियर प्रदान गरेको हो ।

उनीहरुलाई हेटौंडा उपमहानगरपालिकाकी नगर प्रमुख मिनाकुमारी लामाले शारिरीक रुपमा अशक्त भएका परिवारलाई ह्विलचियर हस्तान्तरण गरेकी हुन् । चालु आर्थिक बर्ष २०७९/०८० मा वडातहबाट सिफारिस भएर आएका परिवारलाई उपमहानगरले पहिलो पटक सहयोग सामग्री हस्तान्तरण गरेको हो ।

शारिरीक रुपमा अशक्त रहेकाहरुको परिवारले वडा कार्यालयको सिफारिसमा सहयोग सामग्री माग गर्ने र उपमहानगरले खरिद गरी हस्तान्तरण गर्ने प्रकृया निरन्तर चलिरहने महिला तथा बालबालिका महाशाखा प्रमुक बिष्णुकुमारी लामिछानेले बताइन् ।



**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८५११३२८७४**
**९८४५०२८४३१**

विश्वविद्यालय अनुदान आयोग (UGC) बाट
अन्तर्राष्ट्रिय गुणस्तर प्राप्त
**मकवानपुर बहुमुखी क्याम्पसमा**

**स्नातक तहमा भर्ना खुल्यो**

बीबीएसमा लेखाशास्त्र, अर्थशास्त्र र बजारशास्त्र ।



बीएमा नेपाली अंग्रेजी, समाजशास्त्र, ग्रामीण विकास र पत्रकारिता ।
बीएडतर्फ नेपाली, अंग्रेजी, जनसंख्या, स्वास्थ्य, गणित र विज्ञान शिक्षा ।
बीएस्सीतर्फ भौतिकशास्त्र र जीवविज्ञान

भर्ना फारम वितरण भइरहेको छ । यथाशिघ्र फारम भरी भर्ना गर्नुहुन विद्यार्थी वर्गमा अनुरोध गरिन्छ ।

**मकवानपुर बहुमुखी क्याम्पस**
हेटौंडा-२, मकवानपुर
०५७-५२०६२०

**सूचना ! सूचना !! सूचना !!!**

International Labour Organization | FNCSI

## नि:शुल्क तालिमको सुवर्ण अवसर

*सूचना प्रकाशित मिति: २०७९/०६/१३*

अन्तर्राष्ट्रिय श्रम संगठनको सहयोगमा नेपाल घरेलु तथा साना उद्योग महासंघद्वारा **बागमती प्रदेशको मकवानपुर जिल्लामा** निम्नानुसारको छोटो अवधिको कार्यस्थलमा आधारित सिपमुलक तालिम सञ्चालन गर्न लागेको हुनाले सिप सिकेर रोजगार/स्वरोजगार बन्न चाहने ईच्छुक सवैमा नाम दर्ता गराउन हुन सुचित गरिन्छ ।

| क्र. सं. | तालिमका बिषयहरु | अवधि | प्रशिक्षार्थीको संख्या | लक्षित समुह | तालिम हुने मिति | तालिम हुने स्थान | न्यूनत्तम शैक्षिक योग्यता | अर्न्तवार्ताको मिति | नाम दर्ता गराउने संस्थाको नाम र ठेगाना | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वेटर | १ महिना | १० | महिला, यूवा तथा अनौपचारिक क्षेत्रमा कामगर्ने श्रमिकहरु | २०७९ असोज २८ गते | मकवानपुर | १० कक्षा पास | २०७९ असोज २६ गते | नेपाल घरेलु तथा साना उद्योग महासंघ, मकवानपुर | श्री शम्भु नेपाल, कार्यकारी निर्देशक, FNCSI बागमती प्रदेश, ९८५५०३५४१४ श्री कोपिला तुमसिङ्ग, जिल्ला फोकल पर्सन, मकवानपुर ९८४५२९२००३ |
| २ | वेल्डर (Welder) | १ महिना | १० | महिला, यूवा तथा अनौपचारिक क्षेत्रमा कामगर्ने श्रमिकहरु | २०७९ असोज २८ गते | मकवानपुर | साधारण लेखपड गर्न जान्ने | २०७९ असोज २६ गते | नेपाल घरेलु तथा साना उद्योग महासंघ, मकवानपुर | श्री शम्भु प्र. नेपाल, कार्यकारी निर्देशक, FNCSI बागमती प्रदेश, ९८५५०३५४१४ श्री कोपिला तुमसिङ्ग, जिल्ला फोकल पर्सन, मकवानपुर ९८४५२९२००३ |

**द्रष्टव्य**: तालिमका लागि प्रशिक्षार्थी छनौट अन्तरवार्ता मार्फत गरिने छ । रोजगार सेवा केन्द्रको वेरोजगार सूचीमा सूचिकृत भएकाहरुलाई प्राथमिकता दिइनेछ । तालिम अवधिका लागि प्रशिक्षार्थीहरुलाई न्यूनत्तम पारिश्रमिक समेत भुक्तानी गर्ने व्यवस्था भएकोले प्यान नम्वर तथा बैक खाता नम्वर अनिवार्य रुपमा हुनुपर्ने, नभएको खण्डमा तालिम शूरु भएका ७ दिन भित्र लिई बुझाउनु पर्नेछ ।

- **नाम दर्ता गराउन आवश्यक कागजात**: क) नागरिकताको प्रतीलिपि नाम दर्ता गराउने अन्तिम मिति: २०७९ असोज २६ गते, बुधवार सम्म
- **अन्तरवार्ताको स्थान र समय** : माथि उल्लेखित सम्वन्धित संस्थाको कार्यालय र समय : ११:०० देखी ५:०० बजे सम्म





**BCA** | Application form for Entrance Exam **Ongoing**

**BIM** | Online Entrance Application form for CMAT **Bhadra 27**

**BBS** | **ADMISSION IS OPEN NOW**

HETAUDA SCHOOL OF MANAGEMENT AND SOCIAL SCIENCES
**www.hsm.edu.np**

"कडा अनुशासन, स्तरीय शिक्षा"

Hetauda-4, Makawanpur | info@hsm.edu.np | 9855074222

साझाकुरा

## हाम्रो कुरा

# चाडपर्व र सवारी दुर्घटना

नेपालमा जब चाडपर्वहरु नजिकिँदै जान्छ, तब सवारी दुर्घटना भएर यात्रुहरुले अकालमा ज्यान गुमाउनु परेको समाचार बाहिरिन्छ । यसवर्षको वडादशैं नजिकिँदै गर्दा एक साताअघि हेटौंडा-कुलेखानी-काठमाडौं छोटो मार्ग भएर चल्ने तीन वटा सवारीसाधन दुर्घटना भएका छन् । रुट परमिटबिनाको एउटा बस जुरिखेतमा दुर्घटना हुँदा छ जनाले घटनास्थलमै त एक जनाले उपचारको क्रममा अस्पतालमा ज्यान गुमाउनु परेको छ । यस्तै सुमो जीप दुर्घटना हुँदा दर्जन बढी यात्रु घाइते भएका छन् । नेपालमा किन चाडपर्व नजिकिएसँगै सवारी दुर्घटना हुन्छ ? किन यात्रुहरुले अकालमा ज्यान गुमाउनु परिरहेको छ ? यो आम मानिसको मानसपटलमा अनुत्तरित रहेको प्रश्न हो ।

नेपालमा संघीयता आए पनि केन्द्र सरकारको मुकाम रहेकोले देशभरका नागरिकहरु काठमाडौं उपत्यकामा थुप्रिएका हुन्छन् । जब ठूला-ठूला चाडपर्व आउँछ, तब ती सबै नागरिकहरु चाडपर्व मनाउन आ-आफ्नो घर फर्किने गर्दछन् । यसले गर्दा राजमार्गहरुमा यात्रुको चाप ह्वात्तै बढ्ने गर्दछ । यात्रुको संख्या बढेसंगै नियमित सञ्चालनमा रहेका सवारीसाधनले अपुग हुँदा सञ्चालन इजाजत नभएका र बाटोको बारेमा राम्रो ज्ञान नभएको ठाउँमा नयाँ-नयाँ यात्रुवाहक सवारी सञ्चालन हुने गर्दछन् । सवारी साधनको क्षमताभन्दा बढी यात्रु कोचिएका हुन्छन् । सवारी साधनको यान्त्रिक चेकजाँच राम्रोसंग भएको हुँदैन । मादक पदार्थ सेवन गरेर सवारी हाँकिरहेका हुन्छन् । बाटोको अवस्थाको मूल्याङ्कन गर्ने हो भने अधिकांश बाटोहरु साँघुरो, घुमाउरो, उकालो, ओरालो, खाल्डाखुल्डी रहेका हुन्छन् । यस्तो बाटोमा सावधानीसाथ सवारी नचलाउने हो भने दुर्घटना टाढा हुँदैन ।

यान्त्रिक गडबडिका कारण हुने दुर्घटना रोक्न गाह्रो हुन्छ । तर, मानवीय कारणबाट हुने दुर्घटनाहरुलाई न्यूनीकरण गर्न भने सकिन्छ । चालकले अपनाउनुपर्ने सावधानी अपनाउने हो भने दुर्घटनाको दरमा धेरै कमी ल्याउन सकिन्छ । बाटोको अवस्था अनुसार सवारीसाधनको गति नियन्त्रण गर्नै । समय समयमा सवारीसाधनको यान्त्रिक अवस्था जाँच गराउने, ओभरटेक गर्दा बिचार गर्ने र ओभरलोड नराख्ने गर्दा पनि दुर्घटनाको दरमा धेरै कमी ल्याउन सकिन्छ । यससंगै प्रहरी चेकजाँचलाई कडाईका साथ पालना गराउनु पर्द । दुर्घटना न्यूनीकरण सबैको चासोको विषय भएकोले आ-आफ्नो स्थानबाट यसको न्यूनीकरणमा सकारात्मक भूमिका निर्वाह गर्नु पर्दछ । त्यसैले दुर्घटना न्यूनीकरणमा सबैले चासो दिऔं, खुशीसाथ चाडपर्व मनाऔं ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असोज १४ गते शुक्रबार ३० सेप्टेम्बर २०२२ । आश्विन शुक्लपक्ष पञ्चमी । कौलाथ्व ११४२ ने.सं. । सूर्योदय ५:५६, सूर्यास्त ५:५० । पचलीभैरव यात्रा/उपाङ्गललिता ब्रत ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : घरेलु काममा रुचि | **तुला** | : अध्ययनमा प्रगति हुने |
| **वृष** | : जोस एवम् जांगर बढ्ने | **वृश्चिक** | : रोग एवम् चिन्ता बढ्ने |
| **मिथुन** | : प्रयासहरु फलदायी हुने | **धनु** | : व्यवसायबाट लाभ पाइने |
| **कर्कट** | : मान मर्यादामा वृद्धि | **मकर** | : जिम्मेवारी पूरा गर्न सकिने |
| **सिंह** | : लेनदेनको विवाद बढ्ने | **कुम्भ** | : गलत विचार बढ्ने |
| **कन्या** | : स्वास्थ्यमा सुधार हुने | **मीन** | : काममा अबरोध आउने |

# आनन्दका सुभाषितहरू !



नारायण घिमिरे

मानव भौतिक सुख प्राप्तिको क्षेत्रमा ठुलो प्रभाव छोड्न सकेको विज्ञानले हाम्रो समाजलाई खुसी आदि जस्ता विषय समेत किनबेचको वस्तुको रहेको दुबिधा थोपरी दिएको छ ।

सम्पूर्ण अठार पुराणहरू मार्फत ऋषि व्यासले अत्यधिक जोड दिएर केवल दुई नैतिक उपदेशहरू दिनु भएको छ । सेवा गर्नु पुण्य कार्य हो । सताउने दुष्ट-कर्म पाप ।

*अष्टा दशपुरणानम सारं व्यासेन कीर्थितम ।*
*परोपकारः पुण्याय पपाया परपीडनम ।।*

मिठो शब्द प्रयोग गरी बोलिएका कुराहरू लाभकारी त हुन्छन् नै त्यसले वातावरणलाई समेत उन्नतिको पथतर्फ डोऱ्याउँछ । त्यही कुरा तितो अप्रिय शब्दमा प्रस्तुत गर्दा पीडादायी मात्र होइन दूरगामी दुष्परिणाम समेत निम्त्याउने बन्दछ ।

*अभ्यावहति कल्याणं विविधं वाक् सुभाषिता ।*
*सैव दुर्भाषिता राजनर्थायोपपद्यते ।।*

समाजमा भेटिने अत्यन्त मिठो भाषामा प्रस्तुत गरिएका अत्यन्त उपयोगी व्यवहारिक अर्ति उपदेशहरूलाई हाम्रो समाजमा सुभाषित भन्ने गरिन्छ । संस्कृत भाषामा असंख्य सुभाषितताहरू प्रस्तुत भएको भेटिने गर्दछ ।

*वयमिह परितुष्टा वल्कलैस्त्वं दुकूलैः*
*सम इह परितोषो निर्विशेषो विशेषः ।*
*स तु भवति दरिद्रो यस्य तृष्णा विशाला*
*मनसि च परितुष्टे कोऽर्थवान को दरिद्रः ।।*

यहाँ एक योगी आफ्नो राष्ट्र प्रमुखलाई प्रश्न सोधी रहेका छन् । प्रमुख ज्यु, हामी हाम्रो आश्रममा रुखको बोक्रा निर्मित घरबुना कपडामा छौ । तपाईं रेसमी वस्त्रमा सजिएर रहनु भएको छ । तर पनि हामी तपाईं जत्तिकै सन्तुष्ट छौं । हाम्रो जीवनको गुणस्तर र सन्तुष्टिको स्वभाव तपाईंको भन्दा फरक प्रकृतिको पनि देखिदैन । अब तपाईं नै भन्नुस् हामी आश्रममा निवासी र तपाईं दरबारमा निवासी मध्ये को गरिब हो ? तपाईं र हामीमा को धनी छ ?

बस्तुगत यथार्थ के हो भने जसको तिर्खा तुलनात्मक रूपमा अधिक हुन्छ त्यही धेरै गरिब हुने गर्दछ । जसको मनमा अधिक सन्तुष्ट हुन्छ त्यो नै तृप्त अर्थात् धनी मानिन्छ । धनी भनेको धन दौलतले परिपूर्ण हुनु होइन । मन सन्तुष्ट रहनु हो । मन सन्तुष्ट रहनु भनेको सुखी हुनु पनि होइन । आनन्दित बन्नु हो ।

विज्ञानको अनुसार मस्तिष्कको स्नायुको सञ्जालमा संकलन भएको सूचना र अनुभवको आधारमा मानिसमा स्मरणहरू निर्माण हुने गर्दछ । जब हामी कुनै नयाँ चीज भेट्छौं, त्यसले पैदा गर्ने आवेगलाई न्युरल नेटवर्क मार्फत मस्तिष्कमा पुऱ्याइन्छ । त्यसलाई मस्तिष्कले स्मरणमा रहेको विगतका अनुभवहरूसँग तुलना गर्दछ । त्यही तुलनामा आधारित रहेर मस्तिष्कले हाम्रा लागि तत्कालीन अनुभवहरुको निर्माण गर्ने गर्दछ । जुन हामीले अनुभूति गर्दछौं ।

विगतको समग्र अनुभवसँग जब हाम्रो तत्कालीन अनुभव मिल्दोजुल्दो हुन्छ वा त्यो भन्दा सहज हुन्छ त्यसले दिने अनुभूतिलाई हामी खुसी भन्दछौं । यदि हाम्रो तत्कालीन अनुभव विगतको समग्र अनुभव भन्दा फरक प्रकृतिको हुन्छ वा हामीलाई असहजता थपिदिने हुन्छ तब त्यसलाई हामी दुःख वा पीडादायक वनेको अनुभूति गर्न पुग्दछौं । यदि दुवै स्थिति रहेन भने, हामी त्यसलाई बेवास्ता गरिदिने गर्दछौं । यस कारण एउटै घटनामा विभिन्न व्यक्तिहरूले फरक-फरक भावनात्मक अनुभूतिहरू प्राप्त गर्ने गर्दछन । आफूले महसुस गरेको अनुभूतिको आधारमा निश्चित कुरासँग मानिस लगाव (एट्याचमेन्ट), आकर्षण (लष्ट), विकर्षण (घृणा वा द्वेष) वा भ्रम (मोहित) आदि बनिदिने स्थिति पैदा गरिदिन्छ ।

विज्ञानमा जस्तै वैदिक मान्यता अनुसार समेत इन्द्रियहरूलाई पीडा दिने कार्य तथा अधर्म वा पाप कर्मको बोधले आत्मालाई पुऱ्याउने चोटलाई दुःखको रूपमा अनुभूति गरिन्छ । इन्द्रियलाई सहजता दिने कार्य तथा धर्म वा पुण्य कर्मको बोधले आत्मा लाई पुऱ्याउने खुसी र धन्यताले भने मानिसलाई सुखको अनुभूति दिन्छ ।

संस्कृतमा हरेक अक्षरको एक भन्दा धेरै अर्थ हुने गर्दछ । तिनै अक्षर वाट बनेको शब्दको समेत अक्षरले संकेत गरे अनुरूपको अर्थ आउने गर्दछ । व्याकरण अनुसार दुःख र सुख दुवैले 'ख' अर्थात् खाली चिज लाई जनाउने गर्दछ । संस्कृतमा 'ख' को अर्थ शून्य वा आकाश भन्ने लाग्दछ । त्यही 'ख' मा 'सु' वा 'दुः' उपसर्ग लागेर सुख वा दुःख शब्द निर्माण भएको छ । 'सु' र 'दुः' दुवै तटस्थ उपसर्ग हुन् ।

अनुभूति शून्य 'ख' वाट सहजता वा सकारात्मक दिसामा जानु लाई संस्कृतमा 'सु' भनिन्छ । शून्यतामा अर्थात 'ख' मा 'सु' ले पैदा गर्ने आवेगको गुण लाई सुख भनिएको छ । अनुभूति शून्य 'ख' वाट असहजता वा नकारात्मक दिसामा जानु लाई संस्कृतमा 'दुः' भनिएको छ । शून्यतामा अर्थात् 'ख' मा 'दुः' ले पैदा गर्ने आवेगको गुण लाई दुःख भनिन्छ । सुख र दुःख दुवैको पूर्णताको कुनै निश्चित हद हुँदैन । तिनीहरू मानिसको अनुभूतिमा नियमित रूपमा लामो समय सम्म एकनासले रहन समेत सक्दैनन् । दुवै क्षणिक हुन्छ । सुख र दुःखले तपाईंलाई तत्कालीन समयको अनुभवको अनुभूति मात्र दिन सक्छ । आनन्द दिन सक्दैन । आनन्द भनेको सुख र दुःख भन्दा बिलकुल फरक मनको तटस्थ अवस्था अर्थात् 'ख' हो । आध्यात्मिक चिन्तनमा निश्चित समयमा महसुस हुने 'दुःख' र निश्चित समयमा महसुस हुने 'सुख' दुवैको संयोजन गर्दै समयसँग कुनै सरोकार नहुने गरी मनलाई तटस्थ अवस्थामा (शून्यता, सुषुप्त अवस्था) पुऱ्याउनुलाई परम आनन्दको ग्रहण भनिन्छ ।

तपाइको जीवनमा तपाईं सँग सम्पूर्ण कुराहरू हुने गर्दछ । तपाइले तपाईंलाई उपलब्ध भएका ती कुराहरू मात्र भेट्ने र देख्ने गर्नु हुन्छ जुन तपाईं लाई तपाईंको आफ्नै धारणाले अनुभूति गर्ने अनुमति एवं स्वीकृति दिने गर्दछ । त्यसैले सनातन मान्यतामा आफूले आफ्नो जीवनमा रहेका सम्पूर्ण तागतहरू पहिचान गर्न, त्यसको आध्यात्मिक पक्ष ओझेलमा पर्न नपाउने गरी व्यवहारिक रूपमा अनुभूति गर्न र त्यस वाट सम्भव बन्ने सम्पूर्ण आनन्द (सच्चिदानन्द) प्राप्तिको लागि प्रयत्न गरिन्छ । प्रकृतिको नियम बारे आधुनिक विज्ञानले बुझ्न सकेको हाल सम्मको यथार्थलाई जब तपाईं वेदका ऋचाहरूमा उल्लेख गरिएका सूचनाहरू सँगै तुलना गरी आपसी सहमतिका पक्षहरू खोतल्नु हुन्छ, तब तपाईं त्यहाँ एक अजीवको संयोग भेट्नु हुनेछ ।

वेदका ऋचाहरूले दिएको कुनै सूचनाहरू विज्ञानले प्रमाणित गरिसकेको तथ्यको बारे बोलिएको भेटिन्छ । कुनै हाल सम्म विज्ञान वाट प्रमाणित बनी नसकेको तर अनुभूति वाट भने ती सूचनाहरू यथार्थको निकै करिब रहेको महसुस हुने गर्दछ । वेद लगायतका श्रुतिहरूका आधारमा लेखिएका गीता, पुराण, कथा, इतिहास आदि जीवनको उद्देश्य, आरोग्य, वैराग्य आदि बारेका वेदका निचोड समाजमा सहज रूपमा प्रस्तुत गर्न लेखिएका स्मृतिहरू रहेको अनुभूति मिल्दछ ।

जस्तैः अग्नि पुराण, अध्याय १९ मा संसारमा दुःखको उत्पत्ति कसरी भयो भनेर सहज रूपमा समाजमा पुऱ्याउने नियतले तलको कथा उल्लेख गरिएको छ । हिंसा र अधर्म पति-पत्नी थिए । त्यो दम्पतीबाट अनृत (असत्य-झूट) र निकृट (छल-कपट) नामका दुई छोरीहरू पैदा भए । तिनीहरू बाट भय (डर), नर्क (इन्द्रियहरूलाई भौतिक पिडा दिने दर्द), माया (भ्रम) र वेदना (पीडा) नामका चार छोरीहरू जन्मिए ।

मायाले मृत्यु जन्माइन । मृत्यु सबै जीवित वस्तुहरूको संहारक बनी दियो । वेदनाले रौरव (एक विशेष प्रकारको मानसिक पिडा दिने नर्क) सँगको संसर्ग वाट बाट दुःखको (शोक) जन्म दिइन । मृत्युबाट जाति (जन्मद्वारा निर्धारण गरिएको शरीरको निश्चित स्वरूप र अस्तित्व), जरा (उमेर), शोक (चिन्ता), तृष्णा (लोभ, तिर्खा) र क्रोधको (रिस) जन्म भयो ।

वैदिक अवधारणा अनुरूप आत्म ज्ञाननै ईश्वरको ज्ञान हो । ईश्वरको ज्ञान भनेको दृश्य, अदृश्य, अनुभूति गर्न सकिने र अनुभूति समेत गर्न नसकिने प्राकृतिक नियमको सिद्धान्तबारे जानकारी प्राप्त गर्नु हो । हामीले आज सम्म विकसित गरिएको प्रविधि र उपाय मार्फत उल्लेखित सबै प्रकृतिको प्राकृतिक नियमको रहस्य उजागर गर्न सम्भव नबनी रहेको अवस्थामा परम्परागत रूपमा सम्भव बनिरहेको आत्म ज्ञानको मार्ग मार्फत ती र हस्यहरू महसुस गर्न सकिने हुँदा आत्मा ज्ञानको मार्गलाई शाश्वत सुख वा आनन्द प्राप्तिको मार्ग भनि स्विकारिएको हो । अनुभूति गर्न सकिएको प्राकृतिक नियमको रहस्यहरूले आफूलाई म भनेर चिनाउने हाम्रो आफ्नै जीवनको रहस्य बुझ्न हामीलाई सहज हुनेछ । जीवनको रहस्य बुझ्न सक्दा आफ्नै जीवनको उद्देश्य र गन्तव्य बारे हामी परिचित बन्दछौ । जीवनको उद्देश्य र गन्तव्य परिचित वनेको क्षणबाट हामी आफ्नै सोचको आन्तरिक इन्जिनियरिङ गरी दैनिक कर्मलाई आफ्नो उद्देश्य र गन्तव्य मैत्री बनाउन सफल हुन्छौ ।

जीवनको भौतिक सुखलाई इन्द्रियहरूको सुख भन्ने गरिन्छ । अन्तर आत्माको सुखको अनुभूतिलाई आनन्द भनिन्छ । संसार नियमित रूपमा परिवर्तनशील छ । लगभग सबै कुरा व्यापारीकरण बनिरहेको हालको वैश्य युगमा हामी नियमित-परिवर्तन शाश्वत सत्य हो भन्ने यथार्थलाई भुलेर अपरिवर्तनीय रुपमा नियमित व्यापारिक उन्नतिको मात्र ध्याउन्नमा आफ्नै उद्देश्य र गन्तव्य मैत्री नरहेका कर्म सञ्चालनमा लागि रहेका छौ ।

उद्देश्य र गन्तव्य अमैत्री कर्महरूको प्रतिफलको असीमित धनको मालिक बनिरहँदा हामी आफै भने शक्ति, वैभव, यौन आशक्ति, मान-सम्मान आदिको असीमित भोक र लालच ग्रस्त वनिरहेका छौ । अर्थ प्राप्तिको लागि जस्तो सुकै अपराध कर्मसंग समेत सम्झौता गर्न संस्कारको विकास गरेका छौ । पापजन्य परिस्थितिको दास बनेका छौ ।

धन, वैभव र ऐश्वर्यको मालिकको मन भने नजानिँदो अशान्तिले छटपटाइ रहेको भेटिन्छ । अर्थ प्राप्तिमा शिखर चुमेको महाजन आफ्नै लागि, परिवारको लागि, आफन्तको लागि, समाज जस्ता वरत्र तथा र परत्रको लागि समयको गरिब बनेको छ । आफ्नै भनिएको धन, वैभव र ऐश्वर्यको विश्वासिलो चाकरमा परिवर्तित भएको छ । हाम्रो समाज नै परिवर्तन अत्यन्त कठिन चिज रहेको भन्ने भ्रममा बाँची रहेका छ । अपरिवर्तन असम्भव रहेको प्राकृतिक नियमको अकाट्य सिद्धान्त समाजले महसुस गर्न सकिरहेका छैनौ । मानव भौतिक सुख प्राप्तिको क्षेत्रमा ठुलो प्रभाव छोड्न सकेको विज्ञानले हाम्रो समाजलाई खुसी आदि जस्ता विषय समेत किनबेचको वस्तुको रहेको दुबिधा थोपरी दिएको छ । हाम्रा बजारहरूमा आज खुसीहरू बेचिँदै छ । लिलामी हुने गरेका छन् ।

खुसी किन्नकै लागि मानिसहरूले ठुलो मूल्य तिरिरहेका छन् । त्यही मूल्य चुकाउने होडमा समाज ठुला-ठुला अपराधको चपेटामा समेत परिरहेको छ । यथार्थमा वास्तविक दिगो सुख (आनन्द) बाहिरि भौतिक सुख प्राप्तिबाट सम्भव हुँदैन । आनन्द भित्रैबाट प्राप्त गर्नुपर्दछ । भित्रै वाट प्राप्त हुन सकेको आनन्दले मात्र हामी सफल बन्न सक्दछौ भन्ने बोध वैदिक ज्ञानले दिने गर्दछ । -साभारः इकागज

# राजनीतिक दलको वास्तविक घोषणा पत्र



प्रतीक प्रधान

**मंसीर ४ गते हुने संघीय संसदका सांसद र प्रदेश सभाका सदस्य चुन्ने समयमा मतदाताले धेरै सोचिरहनु जरुरी देखिँदैन ।**

*आदरणीय दिदीबहिनी, दाजुभाइ तथा आमाबुवाहरू,*

हाम्रो राजनीतिक दलले आफू सत्तामा नहुँदा समाजका समस्याहरू एक से एक पहिल्याउँदै सत्तासीन दलका लागि समस्या खडा गर्दै र मिलेसम्म त्यस समस्याबाट लेनदेन गर्दै र लेनदेनमा नमिलेका समस्या जनतामाझ ल्याएर ठूलो विरोध जनाउँदै आएको यहाँहरूलाई विदितै छ ।

हामी सत्तामा भएका बखत सकभर विपक्षी दलका सहयोगी, समर्थक र मतदातालाई कुनै पनि रुपमा केही पनि भाग नलगाई सकभर हामी आफैं बीच बाँडेर खाएको पनि गर्वका साथ घोषणा गर्दछौं । जुन व्यक्ति जति ठूलो समर्थक भयो उसलाई उतिनै ठूलो भाग लाग्दै आएको यहाँहरूलाई विदितै छ । कसैले यस्ता मौका र पदहरू श्रीमती, भाइ, बहिनी, छोरा, छोरी, ज्वाइँ, भान्जा आदिलाई मात्र दिएको आरोप लगाउँछ भने त्यो सर्वथा गलत सोच हो । हामीले आफ्ना ठूलाभन्दा ठूला समर्थकलाई मात्र राष्ट्रिय ढुकुटीमा राइँदाइँ गर्न दिने नीति अख्तियार गरेका छौं र यस्ता मौका पाउने नातेदारहरूलाई दलका ठूला समर्थकका रुपमा हेरिदिन र नाताको माध्यमबाट मात्र मूल्यांकन गर्नु गलत हुने कुरा पुनः स्मरण गराउन चाहन्छौं ।

नातेदारपछि दललाई आर्थिकरुपमा सहयोग गर्ने कुनै पनि आस्था, विचार वा समूहका मान्छेलाई हामीले उपयुक्त मौका दिँदै आएका छौं र यसपल्ट धेरैभन्दा धेरै त्यस्ता व्यक्तिलाई समानुपातिकमा र केहीलाई प्रत्यक्षको टिकट पनि दिने लक्ष्य लिएका छौं । हामीलाई भोट दिने वा नदिने कसैले पनि नोट दिएर दललाई सहयोग गर्छ भने आफ्ना कार्यकर्ताको गाँस कटाएर पनि त्यस्तालाई हामीले उपयुक्त स्थान दिनुपर्छ र भविष्यमा पनि दिनेछौं ।

यस्ता सहयोगीहरू कमाउन र बाँड्न खप्पिस हुने हुनाले जनताको माझ बसेर लोकप्रियता हासिल गरेका इमानदार नेतालाई त्यही स्थानमा बसेर दलको संगठन मजबुत बनाउने कार्यमा लाग्नुपर्ने भएकाले निर्वाचनमा टिकट वा सरकारमा पुगेपछि कुनै पदको लालसा नराख्नु हुन पनि हार्दिक अनुरोध छ । हामी आफू जुन राजनीतिक विचारको भए पनि सबै राजनीतिक विचारसँग सहिष्णु भएर अघि बढ्नुपर्छ भन्नेमा स्पष्ट छौं । लोकतन्त्रमा सरकारमा पुग्नु र सरकारमा पुगेपछि सकभर धेरै अर्थ संकलन गरेर अर्को निर्वाचनका लागि विपक्षीलाई पछार्न तयार रहनु नै सर्वाधिक महत्त्वका कुरा हुन् ।

हाम्रो यस्तो कार्यमा भाँजो हाल्न आउनेहरू हाम्रै दलका सदस्य भए पनि तिनीहरू राष्ट्रघाती र विदेशी दलाल हुन् । जसले दलको उन्नति देखी सहँदैन त्यो कुनै पनि अवस्थामा राष्ट्रप्रेमी हुनसक्दैन । किनभने हाम्रो दल रहेन भने यो देश कुनै पनि हालतमा रहँदैन ।

*आदरणीय दिदीबहिनी, दाजुभाइ, बाआमा*

विश्वास गर्नुहोस् हामी देशमा विकासको ठूलो लहर ल्याउनेछौं । लहर ल्याउने भनेको ठोस परिवर्तन वा साँच्चिकै विकास गर्ने भन्ने बुझेर पनि धेरैले आलोचना गरेका छन् । त्यो आलोचनालाई हामी हरियो चना भन्ने बुझेर शरीरका लागि स्वास्थ्यवर्धक हुन्छ भन्ने सोचका साथ पचाउने गरेका छौं ।

अब विकासको लहरलाई यसरी बुझौं । भूपरिवेष्ठित देशमा बसेका हुनाले धेरैले समुद्र नदेखेको कारण लहरसम्बन्धी धारणा पनि नबुझेको देखिन्छ । समुद्रमा जसरी लहर आउँछ हाम्रो विकास पनि त्यस्तै हो । आइरहन्छ, आइरहन्छ र किनारामा ठोकिएर फर्किरहन्छ,फर्किरहन्छ । हामी सरकारमा आएपछि जे जे गर्छौं भनेर घोषणा गर्छौं त्यो लहर ल्याउने कुरा हो । त्यस्तो लहर ल्याउन कैयौं आयोजनाको घोषणा गर्छौं, अर्बौंका ठूला परियोजनाको कुरा गर्नेछौं र कुरैमात्र गरिरहने छौं । उदाहरणका लागि मेलम्ची परियोजना, किसानलाई रासायनिक मल सुलभ ढंगले उपलब्ध गराउने प्रतिबद्धता, उखु कृषकलाई तिनको उपजको पैसा प्राप्त गराउने दृढता, पानी जहाज चलाउने र रेल ल्याउने उडन्ते कुरा सबै यस्तै लहर हुन् । यिनीहरू आउँछन् र जान्छन् । तर, आउनेजाने क्रममा विदेशबाट ठूलो ऋण लिन र जनताले कर तिरेर जम्मा गरेको राशि खर्च गरेर आफ्ना मान्छेलाई केही वर्षका लागि ठूला पदमा पुऱ्याउन र नेताको घरमा ढुसी पर्नेगरी पैसा जम्मा गर्न सहयोगी हुन्छन् । देशमा लोकतन्त्र बलियो बनाउन पार्टी बलियो हुनुपर्छ र पार्टी बलियो हुन नेता धनी हुनुपर्छ भन्ने विषयमा जनतालाई पूर्ण ज्ञान छ भन्ने हामीलाई विश्वास छ ।

हामी सरकारमा आयौं भने अझै धेरै ठूला काम गर्नेछौं । अब सयमा होइन हजारमा स्कूल, स्वास्थ्य केन्द्र, पुल, बाटो आदिको शिलान्यास गर्नेछौं । यस्ता शिलान्यास गरिएका योजनाहरूमा हाम्रा समर्थक र मतदाताले लामो समयसम्म जागिर पाउनेछन् । उदाहरणका लागि स्कूलमा विद्यार्थी जान थाले भने निर्माण योजनामा काम गर्नेको पदावधि सकिने अवश्यंभावी हुनाले हामी त्यस्तो गलत कार्य गर्नेछैनौ ।

अर्थात्, यस्ता निर्माण कार्यहरू सकभर दशकौंसम्म जारी राख्नेछौं र अर्को निर्वाचनको घोषणापत्रमा पनि हामीले गर्वका साथ शिलान्यास गरेका आयोजनाहरू पुनः स्मरण गराउनेछौं । स्वास्थ्य केन्द्र, पुल, बाटो पनि यस्तै हुन् । जसले यस्ता लामो समयसम्म रोजगारी दिने आयोजनाको विरोध गर्छ ऊ राष्ट्रघाती र विदेशी दलाल हो । त्यस्ता दलालको भ्रममा नपर्न पनि हामी आह्वान गर्छौं । हामी देशमा समाजवाद ल्याउने विषयमा दृढप्रतिज्ञ छौं । यसका लागि हामी जो सुकैसँग सहकार्य गर्न तयार छौं । हाम्रो दलले भ्रष्ट ठेकेदार, मिटरब्याजी, गुन्डा र तिनका संरक्षकलाई दलमा सकभर धेरै स्थान दिएको पनि समाजवाद ल्याउने कार्यमा बल पुगोस् भनेर नै हो । भनिन्छ चोरलाई नै ढुकुटीको साँचो दियो भने ढुकुटीको रक्षा हुन्छ । त्यसैले हाम्रो राजनीतिक दलले उमेदवारीको टिकट दिएका यस्ता व्यक्तिहरूलाई समर्थन गर्नु र मतदान गर्नु यहाँको कर्तव्य हुनेछ । समाजमा भएका सबै गलत तत्त्वहरू जनताको सेवामा लागेर देशमा विकासको 'लहर' ल्याउन दत्तचित्त हुन्छन् भने अरुले डाहा गर्नुको कुनै अर्थ छैन ।

हाम्रो परराष्ट्र नीति पनि सबैले बुझ्ने र निकै सहज हुनेछ । जुन देशले सिधै दललाई सहयोग गर्ने नीति लिन्छ उसैले देशका ठूला परियोजनाको ठेक्का पाउनेछ । यस्तो नीतिले हाम्रा विदेशी सहयोगी राष्ट्रहरूलाई कुनै द्विविधा रहने देखिँदैन । विगतमा पनि हामीले हामीलाई सहयोग नगर्ने राष्ट्रलाई कुनै योजनाबाट बेदखल गरेकोमात्र होइन तिनले सहयोग गरेको आयोजनालाई निमिट्यान्न समेत पारेका कैयौं उदाहरण भएकाले उनीहरूले पनि हाम्रो नीति बुझिसकेका छन् । यसरी नीति बुझ्ने देशका कूटनीतिज्ञको आफ्नै पनि आर्थिक समुन्नति हुने भएकाले हाम्रो नीति बुझ्न र सोहीअनुसार गर्न राजी भएको देखिन्छ ।

त्यसैले यही मंसीर ४ गते हुने संघीय संसद्का सांसद र प्रदेश सभाका सदस्य चुन्ने समयमा मतदाताले धेरै सोचिरहनु जरुरी देखिँदैन । जसले गर्न हुने/नहुने कार्य गरेर ठूलो धनराशि जुटाएको छ उसैले मात्र देशको विकास कसरी हुन्छ भन्ने बुझेको हुन्छ । त्यसैले त्यस्ता व्यक्तिलाई सकभर धेरै मत दिएर विजयी बनाउन हुन सबैमा हार्दिक अनुरोध छ ।

*(टिप्पणीः सबै दलले घोषणा पत्रमा जे जे लेखे पनि सबैले उमेदवार चुन्ने कार्य र सत्तामा आएपछि गर्ने यथार्थ कार्य माथि उल्लेखितजस्तै हुने भएकाले यसलाई राजनीतिक दलको वास्तविक घोषणापत्र मानेर बुझ्नुहुन ।)* -बाह्रखरीबाट


# अशिमना बागमतीको कप्तान, सुमन उपकप्तान



काठमाडौं/ तीव्र गतिकी बलर अशिमना कर्माचार्यको कप्तानीमा बागमती प्रदेशले नवौं राष्ट्रिय खेलकुद अन्तर्गत महिला क्रिकेट प्रतियोगितालाई १४ सदस्य टोली घोषणा गरेको छ । त्यस्तै अलराउन्डर सुमन खतिवडालाई भने बागमतीले उपकप्तानको जिम्मेवारी दिएको छ । घोषणा टोलीमा अशिमना, सुमन, कन्चन श्रेष्ठ, आरती बिडारी र खुशी डंगलोल लगायतका खेलाडी छन् । सुमन र अशिमनाको प्रदर्शनमा धेरै निर्भर रहनेछ । सिनियर टोलीमा १३ औं दक्षिण एसियासली खेलकुद (साग) पछि नभएकी सुमन घरेलु प्रतियोगितामा सानदार प्रदर्शनका साथ पूनरागमन गर्ने सोचमा हुनेछिन् ।

नवौं खेलकुद असोज २८ देखि कार्तिक ३ सम्म पोखरामा हुँदैछ । तर महिला क्रिकेट भने असोज २३ देखि हुने बताइएको छ । यता पुरुषतर्फ क्रिकेट भने काठमाडौंमा सम्पन्न भई सकेको छ । नेपाल पुलिस क्लबले त्रिभुवन आर्मी क्लबलाई ८ विकेटले हराउँदै नवौंको पहिलो स्वर्ण जितेको थियो । तर वर्षाको कारण २९ मध्य १८ खेल हुन सकेनन् । बागमती प्रदेश र नेपाल एपिएफ क्लब भने एक खेल पनि खेल्न नपाई बाहिरिएका थिए । -हाम्रो खेलकुद

# हिलारीका ठूला उपलब्धि नेपाली हिमालमै



काठमाडौं/ मनास्लु हिमालको हिमपहिरोमा ज्यान गुमाएकी चर्चित आरोही हिलारी नेल्सनले आफ्ना ठूला उपलब्धि नेपाली हिमालमै प्राप्त गरेकी थिइन् ।

सन् २०१२ मा उनले २४ घण्टाभित्र ८ हजार मिटर भन्दा अग्ला दुई हिमाल सगरमाथा र लोत्से हिमाल आरोहण गरेर कीर्तिमान बनाइन् ।

२४ घण्टामा यी दुई हिमाल चढ्ने पहिलो महिलाको कीर्तिमानले नेपालको पर्वतीय पर्यटन उकास्न मद्दत गरेको थियो । उनी मात्र होइन उनका पार्टनर जिम मोरिसन पनि आरोहणमा सक्रिय छन् । सन् २०१८ मा हिलारी र उनका श्रीमान जिमले ८ हजार ५१६ मिटर अग्लो लोत्से हिमालको टुप्पोबाट स्की गरेर फेदसम्म पुगेका थिए । लोत्से हिमालको टुप्पोबाट फेदसम्म स्की गरेर पुग्ने नेल्सन र मोरिसन पहिलो जोडी हुन् ।

नेशनल जियोग्राफिकका अनुसार उनी ८ हजार मिटर भन्दा अग्ला हिमालमा स्कि गर्ने एक मात्र महिला हुन् । सन् २००५ मा हिलारीले अक्सिजनको सहायताबिनै चोयु हिमालमा स्की गरेकी थिइन् । ८ हजार १८८ मिटर अग्लो चोयु विश्वकै छैंठो अग्लो हिमाल हो ।

# विष्ट पार्टीमा फर्केको भन्दै एमालेका ६५ जनाद्धारा पार्टी परित्याग

साझाकुरा संवाददाता

हेटौंडा, १२ असोज/ मकवानपुरको मनहरी गाउँपालिकाको पूर्व उपाध्यक्ष मनिला विष्ट पुरानै पार्टीमा फर्केको भन्दै नेकपा एमालेका ६५ जनाले पार्टी परित्याग गरेका छन् ।

विष्ट पुरानो घर फर्किएसँगै पार्टीभित्र 'अराजक' व्यक्ति भित्रिएको भन्दै ६५ जनाले एमाले पार्टी परित्यागको घोषणा गरेका हुन् ।

अघिल्लो स्थानीय तहको निर्वाचनमा एमालेबाट मनहरी गाउँपालिकाको उपाध्यक्ष जितेकी विष्ट एमाले विभाजन भएर बनेको नेकपा एकीकृत समाजवादीमा लागेकी थिइन् । एक वर्ष समाजवादीमा बसेर गएको स्थानीय तह निर्वाचनमा समाजवादीबाट चुनाव हारेकी उनी दुईदिन अघि मात्रै एमालेमा फर्किएकी थिइन् ।

उनलाई एमालेका नेता बागमती प्रदेशको पूर्वमुख्यमन्त्री डोरमणी पौडेलले पार्टीमा स्वागत गरेका थिए । तर, विष्ट जस्तो अराजक व्यक्ति पार्टीमा फर्किएको भन्दै असन्तुष्ट बनेका पक्षले मनहरीको ५ नम्बर वडा कमिटी नै भंग गर्दै जिल्ला कमिटीका सदस्य शुभराज थिङसहित ६५ जनाले एमाले परित्यागको घोषणा गरेका छन् ।



निवर्तमान ५ नम्बर वडाध्यक्षसमेत रहेका जिल्ला कमिटी सदस्य शुभराज थिङ, गाउँ कमिटी उपाध्यक्ष मोहनलाल थिङ, गाउँ कमिटी सचिवालय सदस्य तथा निवर्तमान कार्यपालिका सदस्य पम्फा रोक्का, ५ नम्बर वडा सह इन्चार्ज बुद्धिराम मुक्तान, ५ नम्बर वडा कमिटी अध्यक्ष सोमनाथ रुम्बा, उपाध्यक्ष बलराम बस्नेतलगायतले एमाले त्यागेका हुन् ।

तत्कालीन गाउँपालिका उपाध्यक्ष हुँदा बिष्टले वडाध्यक्षहरुसँग झगडा गरेको, अध्यक्षलाई असहयोग गरेको, कार्य अवधि २ बर्ष बाँकी हुँदा नै पदबाट राजीनामा दिएको र पछि अदालतले परमादेश जारी गरी राजीनामा खारेज गरिदिएको थियो उनीहरुको आरोप छ ।

# अपाङ्गता भएका व्यक्तिलाई बन्दसूचीमा नराखेको भन्दै निर्वाचन आयोगमा उजुरी



काठमाडौं/ समानुपातिक पद्धतिमा दलहरुले अपाङ्गता भएका व्यक्तिलाई उम्मेदवार नबनाएको भन्दै निर्वाचन आयोगमा उजुरी परेको छ ।

अपाङ्गता भएका व्यक्तिलाई समानुपातिकको बन्द सूचीमा समावेश गर्नुपर्ने संविधानको व्यवस्था भए पनि दलहरुले पालना नगरेको भन्दै काठमाडौं महानगरपालिका-१२ का मदन तिवारीले उजुरी दिएका हुन् ।

उजुरीमा तिवारीले संविधान र ऐनहरु समेत दलहरुले उल्लंघन गरेको उल्लेख गरेका छन् । अपाङ्गता भएका व्यक्ति समावेश नगरिएको बन्दसूचीलाई सच्याउन सूचित गर्न समेत आयोगलाई उनले आग्रह गरेका छन् ।

बन्दसूची बुझाउँदा दलहरुले संविधानको धारा १७६ (७), समानुपातिक निर्वाचन निर्देशिका, २०७९ को नियम १३, प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ (६) तथा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ (६) को उल्लंघन गरिएको उजुरीमा उल्लेख छ ।

संविधानले अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्थालाई उल्लंघन गरिएको उजुरीमा उल्लेख छ ।

# कप्तान किरण फर्किए



काठमाडौं/ नेपाली राष्ट्रिय टोलीका कप्तान र गोलरक्षक किरण चेम्जोङ व्यवासायिक जिम्मेवारी निर्वाह गर्न बुधबार नै भारत फर्केका छन् । बंगलादेशविरुद्ध मंगलबार भएको मैत्रीपूर्ण खेलका लागि किरण आइतबार स्वदेश आएका थिए । उनको कप्तानीमा नेपालले बंगलादेशलाई ३-१ ले हराएको थियो ।

अन्जनले बंगलादेशविरुद्ध ह्याट्रिक गरेका थिए । त्यो नतिजासँगै नेपाल बंगलादेशविरुद्ध लगातार अपराजित खेलसंख्या पाँच पुर्याएको छ । किरण पुरुष राष्ट्रिय फुटबल टोलीबाट सर्वाधिक क्याप जित्ने खेलाडी हुन् । मंगलबारको उनको ८३ औं खेल हो । किरण भारतीय (आइ) लिग क्लब राउन्ड ग्लास पन्जाबमा गत साता मात्र औपचारिक रुपमा आबद्ध भएका थिए । यद्दपी पन्जाब एफसीले आफ्नो क्लबमा नेपाली राष्ट्रिय फुटबल टोलीका गोलकिपर किरण चेम्जोङ आबद्ध औपचारिक रुपमा जानकारी गत साता मात्र दिएको थियो ।

किरण माल्दिभ्सको लिग च्याम्पियन टोली माजिया स्पोर्टस एन्ड रिक्रिएसन सेन्टरबाट किरण भारतीय क्लबमा आबद्ध भएका थिए । किरण भदौ ५ गते माजियाबाट पन्जाबमा सरुवा भएका थिए । त्यसैकारण माजियाले भदौ ५ गते एएफए कप जित्दा किरण टोली बाहिर रहेका थिए । त्यसअघि माजियालई दिवेही प्रिमियर लिग उपाधि जिताउन किरणको भूमिका महत्वपूर्ण रहेको थियो । उनी लिगको उत्कृष्ट गोलकिरपर समेत चुनिएका थिए ।

किरण तेस्रोपटक पन्जाबमा आबद्ध भएका हुन् । किरण पहिलो पटक सन् २०१७/१८ को सिजनमा पन्जाबमा आबद्ध भएका थिए । त्यो सिजन पन्जाब लिग च्याम्पियन बनेको थियो । त्यसयता उनी भारत र माल्दिभ्सका क्लबहरुमा आबद्ध हुँदै आएका छन् । २०१८ माल्दिम्सको टिसी स्पोर्टस्लाई लिग च्याम्पियन बनाएका किरण उत्कृष्ट गोलकिपर समेत बनेका थिए ।

सन् २०१९ /२० को सिजनमा पुन: पन्जाबमा आबद्ध भएका किरण टोली आइ लिगमा तेस्रो हुँदा पनि उत्कृष्ट गोलकिपर चुनिएका थिए । गत वैशाखमा स्वदेशमा नेपाल सुपर लिगमा धनगढीबाट खेल्दै उत्कृष्ट गोलकिपर चुनिएका किरण यो पटक फेरि माल्दिभ्सको लिगमा माजियाबाट च्याम्पियन बनेका छन् । गत महिना राष्ट्रिय खेलकुद परिषद्को स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा किरण उत्कृष्ट खेलाडीबाट सम्मानित भएका थिए ।

-साभार: हाम्रो खेलकुद

# 'बाबरी'लाई 'विक्रम वेधा' र 'पिएस वान' चुनौती



काठमाडौं/ नेपाली फिल्मले वर्षौंदेखि विदेशी फिल्मको चुनौतीको सामना गर्दै आएको छ । अर्बौंको लगानीका विदेशी फिल्मसँग २/३ करोडमा बनेका नेपाली फिल्मले प्रतिस्पर्धा गरेर पनि कयैन् पटक बाजी मारेका उदाहरण छन् ।

यसपटक दुई ठूला हिन्दी फिल्म 'विक्रम वेधा' र 'पोन्निन सेल्वान' (पिएस वान) सँग प्रतिस्पर्धा गर्ने हिम्मत नेपाली फिल्म 'बाबरी' गरेको छ । यो आँट आफैंमा साहसिक हो । मल्टीप्लेक्सहरुले 'विक्रम वेधा' र 'पिएस वान'लाई बढी काखी च्याप्ने निश्चित छ । त्यसमाथि 'प्रेमगीत ३'को नेपाली र हिन्दी भर्सनले हल नछाड्ने हुँदा 'बाबरी'ले सुरुवातमा अपेक्षाकृत शो हात नपार्न सक्छ । यो अवस्थामा फिल्मको प्रमुख हतियार भनेको 'वर्ड अफ माउथ' हो । दर्शक र समीक्षकबाट फिल्मलाई राम्रो प्रतिक्रिया मिल्यो र दर्शक पनि बढे भने स्वभाविक रुपमा शोमा वृद्धि हुनेछ ।

फिल्मलाई बलियो 'वर्ड अफ माउथ' मिलेको खण्डमा दशैंको लामो विदा लोट्री बराबर हुनेछ । बलियो स्टारकास्ट, गतिलो प्रचार-प्रसार, लोकप्रिय गीत-संगीत र ट्रेलर ले बढाएको हाइपका कारण फिल्मको इनिसियल व्यापार सुखद् रहने विश्लेषण गरिएको छ । तर, नेपालमा समेत प्रतिक्षा गरिएको 'विक्रम वेधा' र 'पिएस वान'सँगको प्रतिस्पर्धा 'बाबरी'का लागि सानोतिनो चुनौती भने होइन ।

असोज १४ गतेबाट प्रदर्शनमा आउन लागेको 'बाबरी'लाई सुरेन्द्र पौडेलले निर्देशन गरेका हुन् । फिल्ममा बादल भट्ट, कमलमणि नेपाल, उर्मिला बस्नेत, ध्रुव कोइराला, सुनिता श्रेष्ठ, नितेश गुरुङ, त्रिशाला गुरुङ, दीलिप गुरुङ, डिचेन्ला वान्ग्मो थुङ्गोनलगायतको पनि अभिनय छ । गणेश बुढाथोकी र पुष्पलता बुढाथोकीले फिल्मको निर्माण गरेका हुन् । नरेन्द्र मैनालीले फिल्म खिचेका हुन् ।

-साभार: फिल्मीखबर

# साउदी राजाले छोरालाई बनाए प्रधानमन्त्री



काठमाडौं/ सामान्यतया राजा राष्ट्र प्रमुख हुने भएकाले उनीहरु आलंकारिक भूमिकामा बस्छन् र जनप्रतिनिधिले कार्यकारी भूमिकामा काम गर्छन् ।

तर, यो मामिलामा साउदी अरेयिबा अलग छ । त्यहाँको राजपरिवारका सदस्य नै सरकार सञ्चालनमा समेत सहभागी हुने गरेका छन् । यही सिलसिलामा साउदी अरबका राजा सलमानले युवराज मोहमद बिन सलमानलाई प्रधानमन्त्री बनाएका छन् ।

साउदी प्रेस एजेन्सीमा प्रकाशित आदेश अनुसार राजाले मन्त्रिपरिषद पुनर्गठन गर्दै छोरा मोहमद बिन सलमानलाई प्रधानमन्त्री बनाएका हुन् । युवराज मोहमद यसअघि नै साउदीको 'डिफ्याक्टो शासक' जस्तै थिए । उनको प्रधानमन्त्रीमा नियुक्तिसँगै यसले औपचारिकता समेत पाएको छ ।

छोटकरीमा एमबीएसका नामले समेत चिनिने मोहमदले यसअघि नै उपप्रधानमन्त्री तथा रक्षामन्त्रीको जिम्मेवारी पाइसकेका छन् । अब यो जिम्मेवारीमा उनका कान्छा भाइ खालिद सलमान हुने छन् जो यसअघि रक्षामन्त्री थिए ।

त्यस्तै विदेश मन्त्री पनि राजपरिवारकै सदस्यले निरन्तरता पाएका छन् । फैसल बिन फरहान विदेशमन्त्रीको रुपमा निरन्तरता पाएका हुन । अर्थ र लगानी मन्त्रीले पनि निरन्तरता पाएका छन् ।

युवराजलाई प्रधानमन्त्री बनाएर ८६ वर्षीय राजाले शक्ति हस्तान्तरण सुरु गरेको टिप्पणी खाडी मुलुकहरुमा भइरहेको छ । यद्यपि अझै केही समय मन्त्रिपरिषद बैठकको अध्यक्षता भने राजाले नै गर्ने छन् ।

राज्यका महत्वपूर्ण जिम्मेवारी सम्हालिसकेका ३७ वर्षका युवराज मोहमदले सन् २०१६ मा 'भिजन २०३०' सार्वजनिक गरेका थिए । जसमा साउदीलाई अरब तथा इस्लामको केन्द्र बनाउने उल्लेख गरिएको छ । -अनलाइनखबरबाट

# प्रशिक्षक हुमागाईंलाई कारबाहीको माग

काठमाडौं/ नेपाल खेलकुद पत्रकार मञ्चले बुधबार नेपालका कार्यवाहक मुख्य प्रशिक्षक प्रदीप हुमागाईंको अशोभनीय अभिव्यक्तिप्रति आवश्यक कारबाही गर्न अखिल नेपाल फुटबल संघ (एन्फा)सँग माग गरेको छ ।

गत मंगलबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा नेपाल र बंगलादेशबीचको मैत्रीपूर्ण अन्तर्राष्ट्रिय खेलपछि सम्पन्न 'पोस्ट म्याच कन्फ्रेन्स' मा कार्यवाहक प्रशिक्षक प्रदीप हुमागाईंको प्रस्तुति 'अत्यन्तै गैरव्यावसायिक, गैरजिम्मेवार र नितान्त निम्न सोचको' रहेको तथा पदीय मर्यदाविपरीत कार्य गरेको भन्दै मञ्चले घोर भर्त्सना गरेको छ ।

'प्रशिक्षक हुमागाईंले कार्यक्रमका क्रममा नेपाली खेल पत्रकारमाथि निराधार आरोप लगाउँदै गलत धारणा पनि प्रस्तुत गरेको छ । मञ्च उनको निन्दनीय प्रस्तुति र दाबीको अखिल नेपाल फुटबल संघ (एन्फा)लाई ध्यानाकर्षण गर्न चाहन्छौं,' मञ्चका अध्यक्ष अञ्जन खड्काले एन्फालाई बुझाएको ध्यानाकर्षण पत्रमा भनिएको छ, 'मञ्चका लागि यस प्रकारको व्यवहार पूर्णत: अस्वीकार्य रहेको जनाउँदै हुमागाईंलाई आवश्यक कारबाही गर्न माग गर्दछौं । भविष्यमा मञ्चप्रति यस्ता कुनै प्रकारको व्यवहार नगर्न चेतावनी पनि दिन्छौं ।'

मञ्चले प्रशिक्षक हुमागाईंमा खेल भावनाको स्पष्ट अभाव रहेको र पत्रकार सम्मेलनका क्रममा कसरी प्रस्तुत हुनुपर्छ भन्ने सामान्य ज्ञानको पनि अभाव देखिएको जनाएको छ । हुमागाईंको प्रस्तुतिले अन्तत: नेपाली फुटबललाई कहिले पनि पुर्न नसकिने आघात र व्यवधान पुर्याउने काम भएको मञ्चले बताएको छ ।

'एन्फाले यसतर्फ तुरुन्तै आवश्यक कारबाही गर्नेछ,' मञ्चको ध्यानकर्षण पत्रमा भनिएको छ ।

मंगलबार सम्पन्न मैत्रीपूर्ण खेलमा नेपालले बंगलादेशलाई ३-१ ले पराजित गरेको थियो । उक्त जितबाट उत्साहित भएका कार्यवाहक प्रशिक्षक हुमागाईंले पत्रकार सम्मेलनमा अशोभनीय व्यवहार देखएका थिए ।

# भुटानमाथि नेपालको फराकिलो जित

काठमाडौं/ अनुषा मल्लको १६ स्कोरप्रेरित नेपाली महिला बास्केटबल टोलीले बुधबार साँझ साबा महिला च्याम्पियनसिपमा भुटानमाथि ६५-२६ को फराकिलो जित हासिल गरेको छ ।

प्रतियोगितामा नेपालको यो लगातार दोस्रो जित हो । यसअघि नेपालले मंगलबार राति साबिक विजेता श्रीलंकालाई ५५-४९ स्कोरले पराजित गरेको थियो । अब आजै हुने श्रीलंका र माल्दिभ्सबीचको नतिजाले प्रतियोगिताको विजेता टुंगो लगाउने सम्भावना बलियो छ । भुटान यसअघि श्रीलंकासँग ९८-३३ को स्कोरमा पराजित भएको थियो ।

प्रतियोगितामा नेपाल, माल्दिभ्स, श्रीलंका र भुटानले प्रतिस्पर्धा गरेका छन् । राउण्ड रोबिन लिग प्रणालीमा खेलाइएको प्रतियोगितामा शीर्ष टोलीले उपाधि जित्नेछ । २०१६ मा काठमाडौंमा सम्पन्न पहिलो संस्करणमा श्रीलंका विजेता र नेपाल उपविजेता बनेको थियो ।

माल्दिभ्सको मालेस्थित सोसियल सेन्टर इन्डोर हलमा सम्पन्न खेलमा नेपालले पहिलो क्वार्टरमा पहिलो क्वार्टर १२-१० को अग्रता बनाएको थियो । दोस्रो क्वार्टरमा नेपालले २८-१५ को अग्रता बनायो । तेस्रो क्वार्टरमा ४२-१९ को अवस्थामा रहेको नेपालले अन्तिम क्वार्टरमा ६५-२६ को स्कोरमा विजय हासिल गरेको हो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# प्रदेश प्रमुख शर्माद्वारा अध्यादेश जारी



साझाकुरा संवाददाता

हेटौंडा, १२ असोज/ बागमती प्रदेशका प्रदेश प्रमुख यादव चन्द्र शर्माले अध्यादेश जारी गरेका छन् ।

प्रदेश प्रमुख शर्माले बुधबार प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गरेका हुन् । अध्यादेशले यसअघिको प्रदेश सरकारबाट जारी 'प्रदेशभित्रका अस्पतालको संचालन र व्यवस्थापन आदेश, २०७५' खारेज गरेको छ ।

बागमती प्रदेशको प्रदेश गत भदौ २७ गते बसेको मन्त्रीपरिषद बैठकले सिफारिस गरेको अध्यादेशलाई प्रदेश प्रमुख शर्माले बुधबार जारी गरेका हुन् । शर्माले नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम जारी गरेको प्रदेश प्रमुख कार्यालयका प्रवक्ता प्रकाश चापागाईंले जानकारी दिए ।

अध्यादेशले प्रदेशभित्रको स्वास्थ्य तथा जनसंख्या सेवा सम्बन्धी कामकारवाहीलाई प्रभावकारी नियमन गर्न तथा नितीगत निर्देशनका लागि स्वास्थ्यमन्त्रीको अध्यक्षतामा प्रदेश स्वास्थ्य तथा जनसंख्या समिति गठन हुने व्यवस्था गरेको छ ।

त्यस्तै, अध्यादेशले प्रदेश सरकार मातहतका अस्पताल र आयुर्वेद स्वास्थ्य केन्द्रका लागि छुट्टाछुट्टै स्वास्थ्य संस्था संचालन तथा तथा व्यवस्थापन समिति गठन हुने व्यवस्था गरेको छ ।

# निर्वाचनमा निष्पक्ष पत्रकारिता अपरिहार्य

साझाकुरा संवाददाता

हेटौंडा, १२ असोज/ पत्रकारिता क्षेत्रमा निरन्तर सक्रिय मिडिया एक्सन नेपालले आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा निष्पक्ष पत्रकारिता गर्नुपर्नेमा जोड दिएको छ ।

निर्वाचनमा हुन सक्ने सही र गलत पक्षलाई पत्रकारहरूले निष्पक्ष ढंगबाट समाचारका रूपमा सम्प्रेषण गर्नुपर्ने मिडिया एक्सनले जनाएको हो ।

मिडिया एक्सन नेपालले हेटौंडामा पत्रकारको लागि एक दिने कार्याशाला गोष्ठी आयोजना गर्दै निर्वाचनका क्रममा पत्रकारहरूले लेख्न हुने र नहुने सम्बन्धमा जानकारी दिएको थियो ।

पत्रकारहरूले निर्वाचन आचारसंहितालाई ख्याल गर्नुपर्ने जनाइएको छ । निर्वाचन आयोगले पत्रकारहरूका लागि जारी गरेको आचारसंहिताको पूर्ण पालना गरेर सन्तुलित समाचार सम्प्रेक्षण गर्नुपर्ने मिडिया एक्सनका अध्यक्ष लक्ष्मण दत्त पन्तले बताए । उनले निर्वाचनका बेला एकपक्षीय समाचार नलेख्न, तथ्यहीन तरिकाले मतपरिणाम नआउँदै पहिल्यै विजयी घोषणा नगर्न, उम्मेदवारहरूलाई घृणित तरिकाले सम्बोधन गरेर समाचार लेख्न नहुने बताएका हुन् ।

मिडिया एक्सन नेपालले पत्रकारहरुको लागि नेपालमा निर्वाचनको निष्पक्ष मिडिया कभरेजलाई प्रवर्द्धन गर्न संवेदनशीलता, मार्गदर्शन र फेलोसिपको माध्यमबाट पत्रकारहरूको व्यावसायिक क्षमतालाई सुदृढ गर्ने विषयक कार्यशाला गोष्ठी आयोजना गरेको हो । गोष्ठीमा मकवानपुर र चितवनका २० जना पत्रकारहरू सहभागी थिए ।

गोष्ठीमा मिडिया एक्सन नेपालका अध्यक्ष लक्ष्मणदत पन्त, उपाध्यक्ष प्रीयंका झा, सचिव गणेशप्रसाद घिमिरे र मानव अधिकार विशेषज्ञ श्री अधिकारीले सहजीकरण गरेका थिए ।

गोष्ठीमा निर्वाचन अघि, निर्वाचन भइरहँदा र निर्वाचन पछि पत्रकारको भूमिका, नैतिकता र आचारसंहिताबारे सहजीकरण गरिएको थियो । निर्वाचनका सन्दर्भमा पत्रकारहरूले मानव अधिकारका विषयलाई पनि ध्यान दिएर समाचार संप्रेक्षण गर्नुपर्नेमा जोड दिइएको थियो ।



**दशैं आएसँगै बढ्यो चलहपहल**: नेपालीहरुको महान पर्व बडा दशैं सुरु भइसकेको छ । असोज १० गते घटस्थापना गरेसँगै बडा दशैं सुरु भएको हो । दशैं सुरु भएसँगै हेटौंडा बजारमा किनमेल गर्नेहरुको चहलपहल पनि बढेको छ । दशैं बिदा सुरु भएपछि मानिसको चहलपहल झन् बढ्ने व्यापारीहरूक बताउँछन् । हेटौंडा बजारको बुद्धचोक, कान्तिराजपथ, पारिजातपथ, राप्तिरोड, मेनरोड लगायतका बजारमा मानिसहरूको भीड बाक्लिन थालेको छ । *-तस्बिर: साझाकुरा*

# दुई महिनामा एक सय ५३ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १२ असोज/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले चालु आर्थिक वर्षको करिब दुई महिनामा विभिन्न अपराधमा संलग्न भएको आरोपमा एक सय ५३ जनालाई पक्राउ गरेको छ ।

मकवानपुर प्रहरीले चालु आर्थिक वर्षको साउन १ गते देखि असोज १० गते सम्मको अवधिमा विभिन्न अपराधमा संलग्न भएको आरोपमा एक सय ५३ जनालाई पक्राउ गरेको हो । प्रहरीले एक सय ६२ वटा मुद्दा दर्तासमेत गरेको जनाएको छ । लागूऔषध ओसार पसार गर्ने ५१ जनालाई पक्राउ गरेर अदालतमार्फत मुद्दा चलाइएको छ । यसै गरी अभद्र व्यवहारमा ५३ जनालाई पक्राउ गरिएको छ । जबरजस्ती करणीमा ४ जना, करणी गरेर कर्तव्य ज्यान गरेको १ वटा, सवारी ज्यानमा ९ जना, चोरीमा १७ जना, ज्यान मार्ने उद्योगमा २ जना लगायतका रहेका छन् । साउन, भदौ र असोज महिनामा लागूऔषध ओसार पसार र यसमा संलग्नहरू धेरैलाई प्रहरीले पक्राउ गरेर मुद्दा चलाएको छ ।

# मकवानपुरगढीले उचाल्यो जिल्लास्तरीय महिला भलिबलको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, १२ असोज/ मकवानपुरगढी गाउँपालिकाले मकवानपुर जिल्लास्तरीय महिला भलिबलको उपाधि उचालेको छ ।

बुधबार हेटौंडाको हुप्रचौरमा भएको फाइनल खेलमा बकैया गाउँपालिकालाई सोझो सेटमा पराजित गर्दै मकवानपुरगढीले जिल्लास्तरीय महिला भलिबल उपाधि उचालेको हो । मकवानपुरगढीले बकैयालाई २५-१५, २५-१९ र २५-१३ को सोझो सेटमा पराजित गरेको छ । उपाधिसँगै मकवानपुरगढीले नगद ५० हजारसहित शिल्ड, मेडल हात पार्दा उपबिजेता बकैयाले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल हात पारेको छ । प्रतियोगितामा मकवानपुरगढीकी सुस्मिता योञ्जन उत्कृष्ट खेलाडी घोषित भईन् ।



मकवानपुरगढीकै सञ्चमाया स्याङ्तान उत्कृष्ट स्पाइकर, रञ्जन अमात्य उत्कृष्ट प्रशिक्षक घोषित भए । प्रतियोगिताको उत्कृष्ट सेटर बकैयाकी कुसुम भोम्जन, उदीयमान खेलाडी मकवानपुरगढीकी श्रृषा लोप्चन, थाहा नगरपालिकाकी रोजिना स्याङ्तान र बकैया गाउँपालिकाकी दिपिका कार्की भए । प्रतियोगिताको विजेता, उपविजेता तथा उत्कृष्ट खेलाडीलाई हेटौँडा उपमहानगरपालिकाकी मेयर मिना लामाले पुरस्कार प्रदान गरेकी थिइन् ।

# महिलामिलन सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, १२ असोज/ हेटौंडा उपमहानगरलाई आफ्नो कार्यक्षेत्र बनाइ सेवा प्रदान गर्दै आएको महिलामिलन बचत तथा ऋण सहकारी संस्थालाई सम्मान गरिएको छ । मंगलबार जिल्ला समन्वय समितिको जिल्ला समिक्षा कार्यक्रमको अवसरमा सहकारीलाई जिससले सम्मान गरेको हो । सहकारीले समुदायमा आर्थिक तथा सामाजिक विकासका लागि समाज र जनताप्रतिको कर्तव्यबोधलाई उजागर गरेको भन्दै वागमती प्रदेश सरकारकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा भएको समिक्षा कार्यक्रममा सहकारीलाई सम्मान गरिएको हो ।

जिसस प्रमुख ललितबहादुर घलानको सभाध्यक्षतामा भएको समिक्षा कार्यक्रममा संस्था अध्यक्ष विष्णुमाया लामा, उपाध्यक्ष मीना थापालाई सम्मानपत्र प्रदान गरिएको थियो ।





## राक्सिराङ्ग गाउपालिका
गाउँ कार्यपालिकाको कार्यालय, चैनपुर, मकवानपुर

राक्सिराङ्ग गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को नियम ५ संग सम्बन्धित

## प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाइको सूचना

*(प्रकाशित मिति २०७९/०६/१३)*

मकवानपुर जिल्ला, राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चैनपुर, मकवानपुर, बागमती प्रदेश, नेपालद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | गाउँ कार्यपालिकाको कार्यालय, राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर<br>सम्पर्क नं. ९८५५०७६६४०, इमेल: raksirang.rmc@gmail.com |
| प्रस्तावको व्यहोरा | ♦ मकवानपुर जिल्ला, राक्सिराङ्ग गाउँपालिका समेटी बग्ने मनहरी खोला किनार बाट दीगो र वातावरणमैत्री रुपले ढुंगा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन गर्ने कार्य<br>♦ नदीनालाको सतहबाट दैनिक १०० देखी ३०० घ.मि सम्म बालुवा, ग्रावेल र गिर्खा माटो निकाल्ने कार्य |
| प्रभाव पर्न सक्ने स्थान/वडा | राक्सिराङ्ग गाउँपालिका ३, ४ र ५ वडाहरु |

माथि उल्लेखित प्रस्ताव कार्यान्वयनबाट आयोजना क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, साँस्कृतिक र आर्थिक प्रणालीहरुमा के कस्तो प्रभाव पर्दछ भनी यकीन गर्न प्रस्तावकले **प्रारम्भिक वातावरणीय परीक्षण** (Initial Environmental Examination–IEE) अध्ययन प्रतिवेदन तयार गर्नुपरेकाले उक्त प्रतिवेदन तयारीको सिलसिलामा आयोजना कार्यान्वयनबाट प्रभावित हुने स्थानीय समुदाय तथा समूहको प्रतिनिधि, लक्षित वर्ग तथा समुदाय, सम्बन्धित वडाका वडाध्यक्ष वा वडा समितिका सदस्यहरु, गाउँपालिका अध्यक्ष प्रतिनिधि तथा सम्बन्धित कर्मचारीहरु, नागरिक समाज, समुदायमा आधारित समाजतथा मेडियाका प्रतिनिधि, वन उपभोक्ता समूहका प्रतिनिधिहरु समेतलाई सहभागी गराई सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकाले यस प्रस्तावसँग सरोकार राख्ने सम्पूर्ण सरोकारवालाहरुलाई निम्न स्थान, मिति र समयमा उपस्थित हुनुहुन अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मितिर समय**

स्थान: गाउँ कार्यपालिकाको कार्यालय, राक्सिराङ्ग गाउँपालिका, चैनपुर मकवानपुर, बागमती प्रदेश नेपाल
मिति: २०७९/०६/२८ गते
समय: बिहानको ११ बजे ।

**प्रमुख प्रशासकीय अधिकृत**

## पसल बिक्रीमा

स्कुलरोडमा चालु अवस्थामा रहेको अति व्यस्त कपडा पसल विशेष कारणले बिक्रीमा ।

**फोन नं.: ९८४५४८७२३२**




## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

## VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

